## कालिका नगरपालिकाको दोस्रो कार्यकालको नवौं नगरसभामा
## नगर उप-प्रमुख श्री विमला तामाङ ज्यूद्वारा प्रस्तुत

# आ.व. २०८३/०८४ को बजेट वक्तव्य

# २०८३ असार ५, शुक्रबार

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

# कालिका नगरपालिकाको
# दोस्रो कार्यकालको नवौं नगरसभामा उप प्रमुख श्री विमला तामाङज्यूद्वारा प्रस्तुत
# कालिका नगरपालिकाको आ.व. २०८३/०८४ को वजेट वक्तव्य

**नगर सभा अध्यक्षज्यू**

**नगरसभा सदस्यज्यूहरु,**

"**सुशासन, सामाजिक न्याय र समृद्धि**" को राष्ट्रिय दीर्घकालिन सोच र बागमती प्रदेश सरकारको " **आर्थिक समृद्धि र समातामुलक समाज**" को दीर्घकालिन सोचसँग एकाकार गर्दै "**समृद्ध कालिका, सुखी कालिकाबासी**" बनाउने दीर्घकालिन सोच सहित **नगरको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने दीर्घकालिन लक्ष्य प्राप्ति गर्न** कालिका नगरपालिकाबाट लक्षित गरिएको नीति तथा कार्यक्रम अनुसार आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउदा आफैलाई गौरवान्वित ठानेको छु । यस अवसरमा स्वतन्त्रता, समानता र सामाजिक न्याय सहितको संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको दिशामा अग्रपङ्तीमा रहेर शाहदत प्राप्त गर्नुहुने सम्पुर्ण विर शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

<u>सभा अध्यक्ष एवम् सदस्यज्यूहरु</u>

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र कालिका नगरपालिकाले गत वर्षहरुमा लिएका नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षका लागि स्वीकृत नीति तथा कार्यक्रमका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्ताव पेश गरेको छु । स्थानीय तहको दोश्रो निर्वाचन पश्चात चौथो बर्षे कार्यकालको समाप्ति र पांचौ बर्षको लागि पूर्ण बजेट पेश गर्न गईरहेको सन्दर्भमा विगत बर्षहरुमा नगरपालिकाले हांसिल गरेका मुख्य मुख्य कार्य र उपलव्धीहरुको स्मरण गर्न चाहन्छु।

मिति २०८२ भाद्र २३ र २४ मा भएको जेन्जी आन्दोलनका कारण यस नगरपालिकाले भौतिक रुपमा ठूलो क्षती व्यहोर्नु पर्यो। वडा नं. १ देखि वडा नं. ७ सम्मका वडा कार्यालयहरु, पशु तथा कृषि शाखाहरु र महिला सन्जाल भवन संगै अन्य फर्निचरहरु कम्प्युटरका सामान साथै अन्य विद्युतीय सामानहरु जलेर / आगजनीका कारण पूर्ण रुपमा नष्ट भए साथै वडा नं. ८ र ९ वडा कार्यालयहरुमा क्षतीको सामाना गर्नु पर्यो। नगरपालिकाका सवारी साधनहरु पूर्णरुपमा आगजनीका कारण ध्वस्त भए, जसको फलस्वरुप नगरपालिकाले विभिन्न योजना तथा कार्यक्रमहरु समयमा नै सम्पन्न गराउन ठुलो चुनौती खडाएको छ।

कालिका नगरपालिकाले विगत लामो समय देखि आफ्नो प्रशासनिक कार्य भाडाको घरवाट सेवा प्रदान गर्दै आएकोमा चालु आ.व. को चैत्र महिना देखि नै आफ्नै नवनिर्मित

प्रशासकीय भवनवाट नगरपालिकाको संपूर्ण प्रशासनिक सेवाहरु सन्चालन गराउन सफलता प्राप्त भएको छ ।नगरको शहरी क्षेत्रका प्राय सवै मुख्य सडकहरु कालोपत्रे भईसकेका छन् । सहायक सडकहरु पनि कालोपत्रे गर्ने, उच्च ग्रावेल गर्ने, सडकमा नाला निर्माण गरी सडकको स्तरउन्नती गर्ने र नयां ट्र्याक खोल्ने योजनाहरु सम्पन्न गरी निरन्तर रुपमा अगाडी बढेको छ ।सडक कालोपत्रे गर्ने कार्य हाल अन्तराष्ट्रिय रुपमा पेट्रोलियम पदार्थमा भारी मुल्य वृद्धिका कारण अधिकांश कालोपत्रे गर्नका लागि तयारी अवस्थामा रहेका सडकहरु अधुरो अवस्थामा रहेका छन् । यसको वावजुत पनि वडा नं. ४ र ५ को सिमाना सडक वि पि चोक उत्तर जंगल सिमाना सम्मको २.०६४ किलो मिटर सडक कालोपत्रे निर्माण सम्पन्न भइ सकेको छ ।

यस नगरपालिकाले भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य प्रगती हांसिल गरेको कुरा समेत जानकारी गराउछु ।जेन्जी आन्दोलनका क्रममा आगजनी तथा तोड फोड भएको महिला सन्जाल भवन, वडा नं. ४ र ६ को वडा कार्यालय भवनको निर्माण साथै वडा नं. २, ३, ५, ७, ८ र ९ वडा कार्यालयहरको मर्मत सुधारको कार्य सम्पन्न गरी कार्यालय सन्चालनको आवश्यक व्यवस्था मिलाइएको छ। वडा नं. १० मा रहेको कयर खोलामा पक्की मोटर पुल निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।उक्त पुलको निर्माण सम्पन्न पश्चात वडा नं. १० को पाइमाराङ, नान्दर, जिउलाङ लगायत इच्छाकामनाको चौकीडाडा क्षेत्रमा वर्षाद्को समयमा पनि आवागमनमा सहज हुने कुरामा विश्वास लिएको छु । भित्री तथा सहायक सडकहरुमा ग्रावेल गर्ने, सिंचाइ तर्फ सतही सिंचाइ अन्तरगत विभिन्न वडाहरुमा पक्की कुलो लाइनिङ, वाध निर्माण तथा मर्मत सुधारको कार्य उल्लेख्य रुपमा भएको छ । वडा नं. १ देखि वडा न. ८ सम्म २१ वटा भुमिगत सिंचाइ अन्तरगत सिंचाइ वोरिङ निर्माणको कार्य अगाडी वढीरहको व्यहोरा जानकारी गराउन चाहन्छु । विगत वर्षहरुमा निर्माण सम्पन्न भएका र मर्मत गर्नु पर्ने सडकहरुको मर्मत कार्यलाई उच्च प्राथमिकतामा राखी मर्मत संभार कार्य भइरहेको छ । भिमवली पार्क, उदयपुर पार्क, चित्राम झरना जाने पदमार्गको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिई निर्माण कार्य भइरहेको जानकारी गराँउदछु।मठ, मन्दिर, गुम्वा, चर्च जस्ता धार्मिक स्थलहरुको समेत मर्मत संभार तथा थप पूर्वाधारहरु निर्माण गरिएका छन्।वाढी,पहिरो नियन्त्रणको लागि कयर खोला र थाङ वुङ खोलाको विभिन्न स्थानहरुमा ग्यावियन तारजाली राखी तटन्धन निर्माण कार्य गरिएको छ यसलाई आवश्यकता अनुसार आगामी वर्षहरुमा समेत निरन्तरता दिदै जाने नीति लिइएको छ। सवै विद्यालयहरु,सवै वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा ई-हाजिरिको व्यवस्था मिलाइएको छ।कालिका नगरपालिकाको नगर अस्पतालवाट थप विशेषज्ञ सहितको स्वास्थ्य सुविधाहरु तथा प्रयोगशाला परीक्षणका सेवाहरु विस्तार भएका छन् ।निशुल्क शववहानको

व्यवस्था समेत सन्चालनमा आएको छ । बिपन्न घर परिवारलाई नगरप्रमुख विपन्न स्वास्थ्य वीमा कार्यक्रम संघीय सरकारको मिति २०८२/०६/०६ गतेको पत्रानुसार उल्लेखित कार्य गराउन नपाउने भनि निर्देशन भए अनुरुप कालिका नगरपालिका भित्र रहेका विपन्न घर परिवारलाई समावेश गराउन नसकिएको व्यहोरा जानकारी गराउदछु ।

आर्थिक विकास तर्फ आय आर्जनको लागि केरा खेती, मौरी पालन, च्याउ खेती, पुष्प खेती,कृषि औजार वितरण,तरकारी खेती,बाख्रा पालन,वंगुर पालन तथा पशुपालन व्यवसाय, दुग्ध उत्पादन क्षेत्रमा दुध उत्पादक किसानहरुलिइ दुग्ध उत्पादक सहकारी सस्था मार्फत प्रतिलिटर दुधमा रु२.६१ अनुदान तथा उन्नत घाँसको विउ वितरण तथा नविनतम् प्रविधि हस्तान्तरण गरिएको छ ।

शैक्षिक क्षेत्रको विकासका लागि चालु आ.व. २०८२/०८३ देखि नै सवै सामुदायिक विद्यालयहरुमा अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनमा आएको छ। जनहित मा.वि, समिपुर मा.वि. र आधारभुत विद्यालय पिपरियाको सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भइ सकेको छ ।अन्य विद्यालयहरुको हकमा भान्सा कोठा निर्माण, छाना फेर्ने, डेक्स वेन्च निर्माण तथा फर्निचर व्यवस्थापन, भवन रंगरोगन, शौचालय मर्मत सुधार लगायत अन्य अधुरा पूर्वाधार निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ । सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने छात्र/छात्राहरुलाई विद्यालय ड्रेस,कापी कलम लगायत शैक्षिक सामाग्री वितरण गर्ने काम समेत सम्पन्न गरि सकेका छौं।नियमित प्रधानाध्यापकहरु संगको छलफल तथा नगरपालिकावाट भएका अनुगमन तथा मुल्याङ्कनको कारणवाट विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार भएका छन्।

नगरपालिकाले विगत बर्षहरु देखी निरन्तर रुपमा गरेको लगानीको प्रतिफल स्वरुप कृषिजन्य र पशुजन्य उत्पादन जिल्लाका अन्य स्थान तथा जिल्ला बाहिर समेत निकासी भईरहेको छ।मुख्य खाध्यन्न वालीहरुको उत्पादन र उत्पादकत्व उल्लेख्य मात्रामा वृद्धि भएको छ भने मौसमी तथा बेमौसमी तरकारी, च्याउ, केरा, मह, दुध र मासु उत्पादन तर्फ कृषकहरु आकर्षित भएका छन। साना तथा मझौला सिंचाईका लागि इनार निर्माण, सिंचाईका लागी सतही कुलो निर्माण तथा विस्तार, पाइप लाइन तथा थप च्याम्वर विस्तार, डिपवोरिङ तथा स्यालो ट्युवेलहरु निर्माण तथा मर्मत संभारका साथै स्तरउन्नती गरिएको छ।वोरिङ तथा सतही सिंचाईको स्तरउन्नती गरिएको छ जसका कारण तरकारी वाली र अन्नवाली उत्पादनमा उल्लेख्य वृद्धि भई कृषकहरुको आर्थिक अवस्थामा सुधार हुने विश्वास लिइएको छ।

यस नगरपालिकामा वर्षेनी बाढीवाट उच्च जोखिममा रहेको वुङखोला व्यवस्थापनको कार्य चालु आ.व. २०८२/८३ मा समेत वजेट विनियोजन गरी सम्भाव्य जोखिम युक्त

स्थानहरुमा तटवन्धको कार्य अन्तिम चरणमा पुगेको छ । खानेपानीको लागि शान्तिगृह नेपालसंगको साझेदारीमा वडा नं. ९ को नाइवन्दी / गुच्छीराङ क्षेत्रमा एक घर एक धारा कार्यक्रम अन्तरगत स्वच्छ खानेपानी निर्माण अन्तिम चरणमा पुगेको छ । नगरपालिकाको अन्य क्षेत्रमा रहेका पुराना तथा अन्य खानेपानीको मुहान संरक्षण तथा पाइपलाइन मर्मत सुधारी अन्य क्षेत्रमा पनि विभिन्न विकास योजना सन्चालन गरी ग्रामीण तथा अर्ध शहरी वस्तीहरुमा समेत खानेपानी विस्तार भइ खानेपानी आपूर्ति सहज भएको छ।

**<u>सभा अध्यक्ष्य एवं सदस्यज्यूहरु,</u>**

अव म कालिका नगरपालिकको चालु आर्थिक वर्षको २०८२/०८३ को आर्थिक गतिविधि तथा बजेट कार्यन्वयनको समिक्षा गर्न चाहान्छु ।चालु आर्थिक वर्षमा रु ७ करोड आन्तरिक राजश्व सङ्कलन हुने अनुमान गरिएकोमा हालसम्म रु ४ करोड ३ लाख १० हजार प्राप्त भएको हुँदा चालु आर्थिक वर्षको अन्त्य सम्ममा लक्ष्य अनुसारकै राजश्व संङ्कलन हुने अनुमान गरेको छु ।

चालु आर्थिक वर्षमा नगरपालिकाको कुल वजेट रु ९८ करोड ०७ लाख २० हजार रुपैया हुने अनुमान गरिएकोमा शसर्त तर्फवाट वजेट रकम थप भइ कुल वजेट रकम रु ९८ करोड ४३ लाख ८४ लाख कायम भएको । संघीय सरकार तथा बागमती प्रदेश सरकारवाट सवै बजेट रकम प्राप्त नभएकोले हालसम्म रु ७४ करोड ५९ लाख ६० हजार प्राप्त भएको छ।चालु आर्थिक वर्षको हालसम्म चालु खर्च तर्फ रु ५४ करोड ५३ लाख १० हजार मध्ये रु ३५ करोड ८९ लाख ९० हजार अर्थात ६५.८३% प्रतिशत खर्च र पूँजिगत तर्फ ४३ करोड ९० लाख ७३ हजार मध्ये रु १६ करोड ८९ लाख ५० हजार अर्थात् ३८.४७% प्रतिशत खर्च भएको जस अनुसार कुल खर्च रकम रु ५२ करोड ७९ लाख ४१ हजार अर्थात ५३.६३% भएको देखिन्छ ।

**<u>सभा अध्यक्ष एवम् सदस्यज्यूहरु,</u>**

माथी उल्लिखित उपलव्धीहरुको स्मरण गर्दै अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि यस नगरपालिकाले अवलम्वन गरेका नीतिहरुलाई उपलव्ध वजेटको श्रोत सीमालाई ध्यान दिई आगामी वर्षको वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिने हुँदा बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

१.स्वास्थ्य उपचारलाई प्रभावकारी वनाई समग्र स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्न नगर अस्पतालमा विशेषज्ञ सेवा र प्रयोगशाला सहितको सेवा थप तथा विस्तार गरिने छ।निशुल्क शववहानको व्यवस्थालाई यथावत राखि आगामी आर्थिक वर्ष देखि एम्वुलेन्स सेवालाई गरीव तथा विपन्न वर्गहरुको लागि निशुल्क गरिने छ ।

२."**कृषि, पशुपालन, उद्यम र पर्यटनबाट आय आर्जन र रोजगार, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास गरी जीवनस्तर सुधार**" गर्ने मुल नाराका साथ प्रस्तुत नीति अनुसार बजेट र कार्यक्रम तय गरिएको छ ।

३. सवै सामुदायिक विद्यालयहरुमा अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइने छ। शैक्षिक पुर्वाधार निर्माणलाई निरन्तरता दिदै सामुदायिक शिक्षालाई गुणस्तरिय वनाउने तथा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वालवालिकाहरुलाई विद्यालयमा ल्याउन, **टिकाउन, सिकाउन र विकाउन "मेयर केयर कार्यक्रम"** (छात्रवृत्ति शैक्षिक सामग्री, पोशाक) सञ्चालन गरिनेछ। विद्यालयको आवश्यकता अनुसार भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गर्दै लगिने छ । साथै खेलकुद क्षेत्रको विकासको लागि खेलमैदाहरुको स्तरोन्नती साथै खेलकुद कार्यक्रम सन्चालन र खेल सामाग्रीहरु वितरण गरिने छ ।विद्यालयहरुमा कार्यालय सन्चालनका लागि थप वजेट व्यवस्था गरेको छु । राष्ट्रपति रनिङ सिल्ड, मेयर कप लगायत अन्य खेलकुद कार्यक्रम सन्चालनका लागि वजेटको व्यवस्था गरेको छु ।

४.समाजिक सदभाव वृद्धि गरी महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, पिछडिएका बर्ग, समुदायलाई मुलप्रवाहमा ल्याउन कार्यक्रम सन्चालन गरिने छ।

५.आधारभुत शहरी तथा ग्रामिण पूर्वाधार निर्माणलाई सरकारी निजी क्षेत्र संग सहकार्य गरी पुर्वाधार निर्माण गरिने छ ।

६."**स्वच्छ कालिका, हरित कालिका**" नारालाई आत्मसात् गर्दै कालिका नगरपालिका भित्रको वन, वातावरण, वन्यजन्तु र जलाधार क्षेत्रको संरक्षण, पोखरी निर्माण, मूल तथा सिमसार संरक्षण, वन तथा वनस्पतिको संरक्षण र दिगो उपयोग मार्फत आय आर्जन, उपयोग, रोजगारी सिर्जना गरिने छ ।

७.**मह, च्याउ, केरा, रैथाने कोदो, फापर र पिँडालु** जस्ता कालिकाका स्थानीय उत्पादनहरूको उत्पादन र बजारीकरणमा आवश्यक पहल गरिने छ साथै कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्न यान्त्रीकीकरण, सिंचाइको उचित प्रवन्ध मिलाइने छ ।

८.नगरपालिका भित्र रहेका मुख्य सडकहरु यस नगरपालिका देखि भरतपुर तथा रत्ननगर जाने र नगरपालिका केन्द्र देखि सवै वडा कार्यालयसम्म पुग्ने पक्की सडकहरुको नगर यातायात गुरुयोजना बमोजिम सडक सञ्जालको स्तरोन्नती, मर्मत सम्भारका कार्यहरु गरिने छ।

९. महिला, बालबालिका, एकल महिला अपाङ्गता भएका व्यक्ति, विपन्न असहाय, दलित आदिबासी, जनजाती तथा सिमान्तकृत समुदायका महिलाहरुलाई टेवा सहित सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०."**बालबालिकासंग उपमेयर कार्यक्रम**" अन्तर्गत आमा वा वावु विहिन, भौगोलिक रुपले विकट, सिमान्तकृत तथा विपन्न बालबालिकाहरुलाई अध्ययनमा सहयोगको लागि निःशुल्क शैक्षिक सामग्रीहरु वितरण गरिने छ।

११.नगर प्रहरीहरुको क्षमता विकास गरी नगरप्रहरीहरुलाई उपयुक्त ढंगवाट परिचालन गरी नगरवासीहरुलाई प्रदान गरीने सेवामा जोडीने छ ।

१२.मालपोत कार्यालय भरतपुरवाट हुदै आएको भुमि प्रशासन सम्वन्धी काम आगामी वर्ष देखि यसै नगरपालिकावाट शुरु गरिने छ ।

१३. विभिन्न संघ सस्थाहरुसंग साझेदारी गरी समग्र नगरको विकासमा जोड दिइने छ।

१४.पशुपालन व्यवसायलाई उचित विकास गर्न यस नगरपालिकावाट किसानहरुलाई प्रतिलिटर दुधमा दिइदै आएको रु १/- को अनुदान रकमलाई सतप्रतिशत वृद्धि गरी रु २/- कायम गरिएको छ साथै दुध अनुदानका लागि वागमती प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम समेत थप गरी किसानहरुलाई दुग्ध सहकारीहरु मार्फत उपलव्ध गराइने छ।पशु वस्तुहरुको उन्नत नश्लसुधार, उन्नत घासको विउ वितरण, भ्याक्सीन आदिको व्यवस्था गरी रोग तथा प्रकोप नियन्त्रण गरिने छ ।

१५.कृषि क्षेत्रको करलाई घटाउदै लैजाने नीति अनुसार अनुसार कृषिजन्य पशुजन्य र मौरीजन्य उत्पादनमा आधारीत ५लाख सम्म पूंजि भएका व्यवसायहरुलाई व्यवसाय कर रु १००/- (एक सय) ५ लाख देखि १० लाख सम्मको पूंजि भएकाको लागि रु १५००/- वाट रु ५००/- र १० लाख देखि २० लाख सम्मको पूंजि भएकाको लागि रु २०००/- वाट रु १०००/- कायम गरिएको छ ।क्रमशः कृषि क्षेत्रमा लाग्दै आएको कर क्रमशः घटाउदै लगिने छ ।

१६. पूर्वाधार तर्फको चालु आर्थिक वर्षसम्म सम्पन्न हुन नसकेका विभिन्न क्रमागत पूर्वाधारका योजनाहरूको लागि आवश्यक वजेटको व्यवस्था मिलाइने छ ।

१७. नगरपालिका र मालपोत कार्यालय विचको जग्गा मुल्याङकनको विभेदलाई हटाइ एकरुपता प्रदान गरिने छ ।

**सभा अध्यक्ष एवम् सदस्यज्यूहरु**

नगरपालिकाले आ.व. २०८२/०८३ का लागि अवलम्वन गरेको नीति र कार्यक्रमहरुलाई आत्मसाथ गर्दै आगामी आ.ब. ०८३/०८४ को लागि राजश्व तथा अनुदान प्राप्तिको अनुमानका आधारहरुमा कूल बजेट रकम **रु १ अर्व १ करोड ६३ लाख ६८ हजार**को अनुमान वजेट पेश गरेको छु । सोही अनुसार यस बजेटमा **संघीय सरकार** तर्फ **समानिकरण अनुदान रु १४ करोड ३ लाख, सशर्त अनुदान रु २८ करोड ५३ लाख, समपुरक अनुदान रु २ करोड १२ लाख र राजश्व बाँडफाँड रु १२ करोड ५८ लाख २१**

**हजार, वन रोयल्टी ४० लाख र खानी तथा खनिज रोयल्टी रु ५ लाख** र **वागमती प्रदेश सरकार** तर्फ **समानिकरण अनुदान रु १ करोड २६ लाख २४ हजार, सशर्त अनुदान तर्फ रु १ करोड ५६ लाख २३ हजार, विशेष अनुदान रु ७० लाख, समपुरक अनुदान रु २ करोड ४० लाख, राजश्व बाँडफाँडमा रु ७ करोड , आन्तरिक आय तर्फ रु ७ करोड , जनसहभागिताबाट रु १ करोड ५० लाख ,सडक वोर्डबाट रु ५० लाख, मालपोत रजिष्ट्रेशन वापत रु ६ करोड र नदिजन्यवाट रु ७ करोड र चालु वर्षको जिम्मेवारी सर्ने रु ९ करोड** समेत समावेश गरी जम्मा **रु १ अर्व १ करोड ६३ लाख ६८ हजार**को बजेट आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय विवरण अनुसूचिमा उल्लेख गरी आर्थिक ऐन २०८३ मा समावेश गरी पेश गरेको छु ।

**सभा अध्यक्ष एवम् सदस्यज्यूहरु**

विनियोजन तर्फको कुल वजेट रकम **रु १ अर्व १ करोड ६३ लाख ६८ हजार**को विनियोजन ऐन २०८३ मा समावेश गरी अनुसूचिमा उल्लेख गरी पेश गरेकोछु ।

यस बजेट निर्माण गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लगाएत सम्पूर्ण कर्मचारीहरु, संस्थापक जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रतिनधिहरु, विभिन्न संघ सस्थाका प्रतिनिधीहरु लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस वजेटको सफल कार्यान्यनका लागि सवै पक्षवाट सहयोग प्राप्त हुनेछ भन्ने आसा सहित मेरो भनाइ यही अन्त्य गर्दछु ।

धन्यवाद !

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

**Email: kalikanagarpalika@gmail.com**

**Facebook: facebook.com/kalika.municipality.1**

**Twitter: twitter.com/KanapaChitwan**

**Website: kalikamun.gov.np or kalikamunchitwan.gov.np**